गाँउ कार्यपालिकाबाट स्वीकृती मिति २०७५।०२।०२

# मालिका गाउँपालिका निशुल्क स्वास्थ्य सिविर ब्यबस्थापन तथा संचालन कार्यबिधि २०७४

मालिका गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
अर्खावाङ्ग गुल्मी

# मालिका गाउँपालिका निशुल्क स्वास्थ्य सिविर ब्यबस्थापन तथा संचालन कार्यबिधि २०७४

## परिच्छेद १

१ ) संक्षिप्त नाम र प्रारम्भ : यो कार्यविधिको नाम मालिका गाउँपालिका निशुल्क स्वास्थ्य सिविर ब्यबस्थापन तथा संचालन कार्यविधि २०७४ रहेकोछ |

२ ) यो कार्यविधि मालिका गाउँपालिकाबाट पारित भएपछि लागुहुनेछ |

३ ) परिभाषा : बिषय र प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

क ) गाउँपालिका भन्नाले मालिका गाउँपालिका लाइ सम्झनु पर्छ |

ख ) वडाकार्यालय भन्नाले मालिका गाउँपालिकाभित्रका वडा कार्यालयलाइ सम्झनु पर्छ |

ग ) स्वास्थ्य संस्था भन्नाले मालिका गाउँपालिका भित्रका सरकारी स्वास्थ्य संस्थालाइ सम्झनु पर्छ |

घ ) निशुल्क स्वास्थ्य सिविर भन्नाले कुनै सुल्क नलिइ संचालन गरिने स्वास्थ्य उपचार सिविर लाइ सम्झनु पर्छ |

ङ) महिला रोग भन्नाले महिलाको प्रजनन अंगमा लाग्ने रोग लाइ सम्झनुपर्छ |

## परिच्छेद २

पृष्ठभुमि

मालिका गाउँपालिकाका सम्पुर्ण जनताहरु ग्रामिण क्षेत्रमा बसोबास गर्दछन । उनिहरुले स्वास्थ्य सेवा सर्वसुलभ तरिकाबाट प्रप्त गर्नु उनिहरुको नैसर्गिक अधिकार हो । तर सबै ग्रामिण क्षेत्रहरुमा विशेषग स्वास्थ्य सेवा उपलब्ध नभएको अबस्थामा यहाका मानिसहरुलाई विभिन्न रोगहरुको विशेषग डाक्टरहरु द्वारा रोगको उपचार गर्ने उध्स्यले मालिका गाउँपालिका का विभिन्न स्थानहरुमा महिलारोग , आखा तथा दन्तरोग साथै अन्य विभिन्न रोगहरुको उपचार तथा ब्यबस्थापन गरिनेछ |

## परिच्छेद ३

औचित्य

• विशेषग स्वास्थ्य सेवाको पहुँच बाट बन्चितिमा परेका जनताहरुलाई विशेषग स्वास्थ्य सेवा पुर्याउनको निम्ति मालिका गाउँपालिकाका विभिन्न ठाउहरुमा सिविरहरु संचालन गरि विभिन्न सरुवा तथा नसर्ने रोगहरुको उपचार , रोगथाम तथा ब्यबस्थापन गर्ने |

## परिच्छेद ४

क्रियाकलाप

- आ.व.२०७४/७५ मा मालिका गाउँपालिकाको केन्द्रमा सबै वडालाइ पाएक पर्नेगरी निशुल्क महिलारोग पाठेघरकोमुखको क्यान्सरको परीक्षण साथै आँखा तथा दन्तरोग सम्बन्धी सिविर संचालन गर्ने आगामी बर्षहरुमा अन्य वडाहरुमा सिविर संचालन गर्दै जाने |
- सिविर संचालनको लागि आवश्यक औषधि उपकरण खरीद तथा जनसक्ति ब्यबस्था प्रचलित ऐन् कानुनको परिधि भित्र रही कार्यान्वयन गरिने छ |
- स्वास्थ्य सिविर संचालन को सम्पूर्ण गतिविधि मालिकागाउँपालिका को स्वास्थ्य साखाले संचालन गर्नेछ |

- स्वास्थ्य सिविर संचालन पुर्व स्थानीय संचार माध्यमको अधिकतम उपयोग गरि प्रचारप्रसार गरिनेछ |

## परिच्छेद५

## औषधि तथा औजार खरिद

- स्वास्थ्य सिविर संचालन तथा ब्यबस्थापनको लागि आवश्यकऔषधि तथा औजारको खरिद प्रचलित खरिद ऐन तथा नियमावली को अधिनमा रही मालिका गाउपालिकाले गर्नेछ |

## परिच्छेद ६

## सिविर अनुगमन समिति

- स्वास्थ्य सिविर संचालन को विविध पक्ष को अनुगमन गर्न देहाएको ३ सदस्यीय अनुगमन समिति गठन गरिने छ |

| | |
|---|---|
| मालिका गाउन्पलिकाको अध्यक्ष | संयोजक |
| सामाजिक विकास समितिको संयोजक | सदस्य |
| सिविर संचालन हुने सम्बन्धित वडाको वडाअधक्ष्य | सदस्य |
| सम्बन्धित वडाको स्वास्थ्य संस्थ्या प्रमुख | सदस्य |
| स्वास्थ्य इकाई संयोजक | सदस्य सचिव |